*सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम तयार गरी सार्वजनिक गरिएको*

*(स्वतः प्रकाशन)*

## *आर्थिक वर्ष २०८२/८३ को*

# तेस्रो त्रैमासिक प्रतिवेदन

(२०८२ माघ-चैत)




*(सूचना हाम्रो अधिकारः सुशासन र विकासको आधार)*

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाण्डौं

# विषय सूची


| क्र.स. विवरण | पेज नं. |
|---|---|
| १. कार्यालयको स्वरूप र प्रकृति | १ |
| २. कार्यालयको काम, कर्तव्य र अधिकार | २ |
| ३. कार्यालयमा रहने कर्मचारी विवरण | ४ |
| सङ्गठन संरचना | ४ |
| ४. कार्यालय अन्तर्गतका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरू | ७ |
| यस कार्यालय वा अन्तर्गत सरुवा तथा पदस्थापन भई आएका कर्मचारीहरूको विवरण | ९ |
| यस कार्यालयबाट सरुवा तथा पदस्थापन भई गएका कर्मचारीहरूको विवरण | ९ |
| ५. सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण (सारांश) | ९ |
| ५.१ मुख्यसचिवको सचिवालय | १२ |
| ५.२ मन्त्रिपरिषद् बैठक शाखा, मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखा, | १४ |
| ५.३ प्रशासन शाखा | १४ |
| ५.४ आर्थिक प्रशासन शाखा | १६ |
| ५.५ सूचना, प्रेस तथा संसद समन्वय शाखा | १६ |
| ५.६ सामाजिक विकास शाखा र भौतिक पूर्वाधार विकास शाखा | १७ |
| ५.७ आर्थिक मामिला शाखा, नीति विश्लेषण तथा समन्वय शाखा र तथ्याङ्क तथा अभिलेख व्यवस्थापन शाखा | १८ |
| ५.८ सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा | १९ |
| ५.९ प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा | १९ |
| ५.१० सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा | २० |
| ५.११ नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा, तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा र योजना तथा अनुगमन शाखा | २१ |
| ५.१२ सूचना प्रविधि शाखा | २२ |
| ५.१३ हेलो सरकार शाखा | २३ |
| ५.१४ कानून शाखा र फैसला कार्यान्वयन शाखा | २४ |
| ५.१५ मानव अधिकार शाखा र अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | २४ |
| शासकीय सुधारको एक सय कार्यसूची सम्बन्धी | २५ |
| ६. प्रवक्ता र सूचना अधिकारीको विवरण | २६ |
| ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | २७ |
| ८. वित्तीय प्रगति विवरण | २८ |
| ९. कार्यालयको वेबसाइट | २८ |
| १०. यस अवधिमा माग भएको सूचना र उपलब्ध गराइएको सूचना सङ्ख्या | २९ |

## १.कार्यालयको स्वरूप र प्रकृति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुलुकको शासन व्यवस्था सञ्चालन र शासकीय प्रबन्धमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तथा राष्ट्रको समग्र नीति निर्माण एवम् व्यवस्थापनको समन्वय गर्ने निकाय हो। शासकीय प्रबन्धलाई जनमुखी, जवाफदेही, जनउत्तरदायी र नतिजामुखी बनाउन सो अनुकूलको निर्णय लिने, निर्देशन दिने र समन्वय एवम् नियन्त्रण गर्ने निकायको रूपमा यसले कार्य गर्दै आएको छ। मुलुकको सार्वजनिक प्रशासनमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको यस कार्यालय सुशासन र नागरिक-मैत्री प्रशासनलाई संस्थागत गर्न निरन्तर क्रियाशील रहँदै आएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्) लाई राज्य व्यवस्था सञ्चालनका क्रममा विभिन्न नीतिगत तथा प्रशासनिक विषयमा निर्णय गर्न सहयोग पु-याउनेदेखि नेपाल सरकारबाट भएका निर्णयहरूको अभिलेख राख्ने, मन्त्रिपरिषद्बाट भएका निर्णयहरूलाई कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयमा पठाउने तथा निर्णय कार्यान्वयनको अनुगमन गर्ने लगायतका महत्त्वपूर्ण जिम्मेवारी यस कार्यालयले निर्वाह गर्दै आएको छ। यसैगरी नेपाल सरकार (मन्त्रिपरिषद्) लाई दैनिक प्रशासनिक कार्य सम्पादनमा आवश्यक सहयोग उपलब्ध गराउने कार्य यस कार्यालयबाट हुँदै आएको छ। नेपाल सरकारका सबै मन्त्रालयबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यका साथै, संघ, प्रदेश र स्थानीय तहहरूबीचको समन्वय र सहजीकरणको कार्य समेत यस कार्यालयको जिम्मेवारी अन्तर्गत रहेको छ। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयलाई विभिन्न कार्य जिम्मेवारी तोकिएका छन्। यसका साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ ले प्रदान गरेका जिम्मेवारी समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निर्वाह गर्दै आएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्)का कामकारबाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन देहायअनुसारका ५ वटा मन्त्रिपरिषद् समितिहरूको व्यवस्था छः-

१) राजनीतिक समिति

२) प्रशासन समिति

३) सामाजिक समिति

४) आर्थिक तथा पूर्वाधार समिति

५) विधेयक समिति

यी समितिहरूको अध्यक्षता सम्बन्धित विभागीय मन्त्रीबाट हुने र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सम्बन्धित क्षेत्र हेर्ने सचिवले समितिको सचिवका रूपमा कार्य गर्ने व्यवस्था छ।

## २.कार्यालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यविवरण यसप्रकार रहेको छः

मन्त्रिपरिषद्सम्बन्धी;

- नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन;
- नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन;
- नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन;
- नेपाल सरकार, मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय;
- नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा; स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन;
- प्रचलित कानूनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत;
- सङ्घीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी;
- मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कूटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय;
- शासकीय प्रबन्ध, सुशासन प्रवर्धन र प्रशासनिक सुधार;
- द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन;
- सङ्घीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य;
- प्रधानमन्त्रीको सम्पर्क र सञ्चार;
- प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन;
- मानव अधिकारको संरक्षण, प्रवर्धन, समन्वय र प्रतिवेदन;
- भ्रष्टाचारविरुद्धको नीति, योजना तथा कार्यान्वयन;
- राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी;
- संवैधानिक परिषद्;
- सङ्घीय संसद्को अधिवेशन आह्वान र अन्त्य;
- प्रदेश प्रमुखसम्बन्धी;
- परराष्ट्र तथा सुरक्षा मामिला;
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग,
- लोक सेवा आयोग;
- राष्ट्रिय मानव अधिकार आयोग;
- महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकिलको सम्पर्क निकाय;
- राष्ट्रिय योजना आयोग;
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण;

- लगानी बोर्ड;
- राष्ट्रिय सतर्कता केन्द्र;
- सार्वजनिक खरिद अनुगमन कार्यालय;
- नेपाल ट्रष्टको कार्यालय;
- गरिबी निवारण कोष;
- विषय विज्ञ समूह;
- राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन;
- प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानून र मापदण्ड;
- गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड;
- भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माणसम्बन्धी निकायहरू र सोसम्बन्धी नीति, कानून र मापदण्ड;
- विपद् व्यवस्थापनसम्बन्धी समन्वय;
- प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन;
- अदालतको फैसला कार्यान्वयन तथा अनुगमन;
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय;
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन;
- नेपाल न्याय सेवाको सरकारी वकिल समूहको सञ्चालन;
- प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू;
- अवशिष्ट अधिकार प्रयोग।

## ३.कार्यालयमा रहने कर्मचारी विवरण

### सङ्गठन संरचना

कार्यालयको वर्तमान साङ्गठनिक संरचना अनुसार यस कार्यालयमा हाल ९ वटा महाशाखा र २३ वटा शाखाहरू रहेका छन्। यस कार्यालयमा १७२ जनाको स्वीकृत स्थायी दरबन्दी र ३१ करार दरबन्दी रहेको छ। यस कार्यालयका प्रमुख पदाधिकारीको रूपमा नेपाल सरकारका मुख्यसचिव (रा.प.विशिष्ट श्रेणी) रहने व्यवस्था छ। मुख्यसचिव मातहत विभिन्न क्षेत्र हेर्ने तीन जना सचिव (रा.प.विशिष्ट श्रेणी) र उहाँहरू अन्तर्गत विभिन्न महाशाखा हेर्ने गरी सहसचिवहरू (रा.प.प्रथम श्रेणी) को दरबन्दी रहेको छ। प्रत्येक शाखाको कार्य सम्पादनका लागि उपसचिवको मातहतमा शाखाको कार्यबोझ अनुसार शाखा अधिकृतदेखि कार्यालय सहयोगीसम्मका कर्मचारीको दरबन्दी रहेको छ। यस कार्यालयको दरबन्दी विवरण र सङ्गठन संरचना यस प्रकार रहेको छ।

### स्थायी कर्मचारीहरूको दरबन्दी तेरिज

| सि.न. | पद | श्रेणी/तह | सेवा/क्लस्टर | समूह | उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १. | मुख्यसचिव | रा.प. विशिष्ट | – | – | – | १ |
| २. | सचिव | रा.प. विशिष्ट | प्रशासन | – | – | २ |
| ३. | सचिव | रा.प. विशिष्ट | न्याय | – | – | १ |
| ४. | सचिव | रा.प. विशिष्ट | इन्जिनियरिङ्ग | - | - | ० |
| ५. | सचिव | रा.प. विशिष्ट | विशेष दरबन्दी | - | - | १ |
| ६. | सह-सचिव | रा.प. प्रथम | प्रशासन | – | – | ७ |
| ७. | सह-सचिव | रा.प. प्रथम | न्याय | कानून | – | २ |
| ८. | सह-सचिव (सूचना प्रविधि) | रा.प.प्रथम | विविध | - | - | १ |
| ९. | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | – | २० |
| १०. | उप-सचिव | रा.प. द्वितीय | न्याय | कानून | – | ४ |
| ११. | उप-सचिव | रा.प. द्वितीय | प्रशासन | लेखा | – | १ |
| १२. | उप-सचिव | रा.प. द्वितीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | | १ |
| १३. | उप-सचिव (सूचना प्रविधि) | रा.प. द्वितीय | विविध | – | – | १ |


| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४. | सि.डि.ई. | रा.प. द्वितीय | इन्जिनियरिङ्ग | सिभिल/ जनरल | - | १ |
| १५. | शाखा अधिकृत | रा.प. तृतीय | प्रशासन | सा.प्र. | - | ३० |
| १६. | शाखा अधिकृत | रा.प. तृतीय | परराष्ट्र | परराष्ट्र | | १ |
| १७. | शाखा अधिकृत | रा.प. तृतीय | न्याय | कानून | - | ४ |
| १८. | अर्थशास्त्री | रा.प. तृतीय | विविध | - | - | १ |
| १९. | लेखा अधिकृत | रा.प. तृतीय | प्रशासन | लेखा | - | १ |
| २०. | कम्प्युटर अधिकृत | रा.प. तृतीय | विविध | - | - | १ |
| २१. | कम्प्युटर इन्जिनियर | रा.प. तृतीय | विविध | - | - | ३ |
| २२. | ईन्जिनियर | रा.प. तृतीय | इन्जि. | सिभिल/ हाइड्रो | - | १ |
| २३. | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | आर्थिक योजना तथा तथ्याङ्क | तथ्याङ्क | - | १ |
| २४. | पुस्तकालय अधिकृत | रा.प. तृतीय | शिक्षा | लाइब्रेरी साइन्स | | ० |
| २५. | छविकला अधिकृत | रा.प. तृतीय | शिक्षा | | | १ |
| २६. | नायव सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | - | ५ |
| २७. | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | - | १ |
| २८. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम (प्रा.) | विविध | - | - | १६ |
| २९. | पुस्तकालय सहायक | रा.प.अनं.प्रथम (प्रा.) | शिक्षा | लाइब्रेरी साइन्स | | १ |
| ३०. | मेकानिकल सुपरभाइजर | रा.प.अनं.प्रथम (प्रा.) | ई. | मे.ई | - | १ |
| ३१. | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | | ० |
| ३२. | सिनियर मिस्त्री | रा.प.अनं. द्वितीय | ई. | मे.ई | - | ० |
| ३३. | इलेक्ट्रिसियन | रा.प.अनं. द्वितीय | ई. | | | ० |
| ३४. | हे.टे.ब्वाई | रा.प.अनं. द्वितीय | विविध | - | - | ३ |
| ३५. | प्लम्बर | रा.प.अनं. द्वितीय | ई. | | | ० |
| ३६. | हेभी सवारी चालक | श्रेणी विहीन | ई. | - | - | १ |
| ३७. | ह.स.चा. | श्रेणी विहीन | ई. | - | - | १८ |
| ३८. | का.स. | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | ३३ |
| ३९. | का.स.(बगैंचा) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | १ |
| ४०. | का.स.(सरसफाइ) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | ४ |
| ४१. | का.स.(मेसेन्जर) | श्रेणी विहीन | प्रशासन | सा.प्र. | - | १ |
| | **जम्मा** | | | | | १७२ |

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको संगठन संरचना

अनुसूची-१.१




द्रष्टव्य:-१. प्रधानमन्त्रीको निजी सचिवालय र सल्लाहकार सचिवालयको दरबन्दी विवरण प्रधानमन्त्रीको सल्लाहकार र सचिवालय व्यवस्थापन कार्यविधि, २०७४ अनुसार हुने।

२. मिति २०७८/०९/१४ को निर्णयानुसार सृजना भएको नेपाल प्रशासन सेवा, रा.प.विशिष्ट श्रेणीको विशेष पद हाल कार्यरत सचिव अवकाश भएपछि स्वत: खारेज हुने।

३. ह.स.चा. तथा श्रेणी विहीन पदहरू सेवा करार प्रयोजनको लागि मात्र। तोकिएका क्षेत्र, महाशाखा र शाखामा रहने क.अ., ह.स.चा. तथा श्रेणी विहीन पदहरू प्रशासन महाशाखा अन्तर्गत राखी आवश्यकताअनुसार परिचालन गरिने।

४. सवारी साधन सञ्चालन तथा मर्मत सम्बन्धी निर्देशिका, २०७२ बमोजिम सवारी साधनको सुविधा पाएका पदाधिकारीको सरुवा वा बढुवा लगायतबाट पदाधिकार नरहेमा निजको लागि सेवामा लिइएका ह.स.चा.को सेवा स्वत: समाप्त हुनेछ।

## ४. कार्यालय अन्तर्गतका महाशाखा, शाखा र हाल कार्यरत पदाधिकारीहरू

| मुख्यसचिव श्री सुमनराज अर्याल | |
|---|---|
| **महाशाखा/शाखाको नाम** | **जिम्मेवार पदाधिकारी** |
| १. प्रधानमन्त्रीको निजी सचिवालय | सहसचिव श्री प्रदिप परियार<br>उपसचिव श्री तुलाराज सुनुवार |
| २. मुख्यसचिवको सचिवालय | उपसचिव (तथ्याङ्क) डा. कमल पौडेल |
| **शासकीय मामिला क्षेत्र** | **सचिव गोविन्द बहादुर कार्की** |
| **१. मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा** | **सहसचिव श्री यमलाल भूसाल** |
| (क) मन्त्रिपरिषद् बैठक शाखा | उपसचिव श्री विष्णुप्रसाद घिमिरे |
| (ख) मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखा | उपसचिव श्री उमेश कुमार राई |
| **२. सूचना प्रविधि महाशाखा** | **सहसचिव श्री मुकेश रेग्मी** |
| (क) सूचना प्रविधि शाखा | सूचना प्रविधि निर्देशक श्री राम थापा |
| (ख) हेलो सरकार शाखा | उपसचिव श्री कृष्ण सापकोटा |
| | उपसचिव श्री रत्नमणि भट्टराई |
| | उपसचिव श्री राजन भट्टराई |
| **३. जनशक्ति व्यवस्थापन महाशाखा** | **सहसचिव श्री हेमराज अर्याल** |
| (क) प्रशासन शाखा | उपसचिव श्री प्रदीप श्रेष्ठ |
| (ख) सूचना, प्रेस तथा संसद समन्वय शाखा | उपसचिव श्री सिर्जना शर्मा |
| (ग) आर्थिक प्रशासन शाखा | उपसचिव (लेखा) श्री मञ्जु कुमारी जैसी ढकाल |
| (घ) प्रधानमन्त्री सचिवालय व्यवस्थापन शाखा (प्र.म.निवास) | |
| **४. शासकीय सुधार महाशाखा** | **सहसचिव डा. भीष्म कुमार भूसाल** |
| (क) सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा | उपसचिव श्री जीवन चन्द्र राई |

| | |
|---|---|
| (ख) प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा | उपसचिव श्री वासुदेव खनाल |
| (ग) सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा | उपसचिव श्री हरि प्रसाद गुरागाई |
| **विकास व्यवस्थापन क्षेत्र** | **सचिव श्री किरणराज शर्मा** |
| **१. नतिजा व्यवस्थापन महाशाखा** | **सहसचिव श्री शिवादेवी दाहाल** |
| (क) नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा | उपसचिव श्री भुदेव झा |
| (ख) तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा | उपसचिव श्री गोविन्द प्रसाद गौतम |
| (ग) योजना तथा अनुगमन शाखा | उपसचिव श्री रेखा पाण्डे के.सी. |
| **२. सामाजिक तथा भौतिक पूर्वाधार महाशाखा** | **सहसचिव श्री नवराज ढकाल** |
| (क)सामाजिक विकास शाखा | उपसचिव श्री विष्णु प्रसाद सुवेदी |
| (ख) भौतिक पूर्वाधार विकास शाखा | सि.डि.ई श्री निरोज दाहाल |
| **३. आर्थिक मामिला तथा नीति विश्लेषण महाशाखा** | **सहसचिव श्री केशवराज सुवेदी** |
| (क) आर्थिक मामिला शाखा | उपसचिव श्री प्रमिला आचार्य |
| (ख) नीति विश्लेषण तथा समन्वय शाखा | उपसचिव श्री अम्बिका राई |
| (ग) तथ्याङ्क तथा अभिलेख व्यवस्थापन शाखा | |
| **कानून तथा मानव अधिकार** | **सचिव श्री पुष्कर सापकोटा** |
| **१. कानून तथा फैसला कार्यान्वयन महाशाखा** | **सहसचिव श्री लिलाधर सुवेदी** |
| (क)कानून शाखा | उपसचिव श्री राजेन्द्र कुमार लम्साल |
| (ख)फैसला कार्यान्वयन शाखा | उपसचिव श्री मनुका घिमिरे |
| **२. मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा** | **सहसचिव श्री रामजी दनाइ** |
| (क) मानव अधिकार शाखा | उपसचिव श्री टोप बहादुर बिष्ट |
| (ख) अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा | उपसचिव श्री विमला पौडेल |
| **विशेष पद** | **सचिव श्री खगेन्द्र प्रसाद नेपाल** |

**२०८२ माघ १ गतेदेखि २०८२ चैत मसान्तसम्म अवकाश, सरूवा तथा पदस्थापन भएका कर्मचारीहरूको विवरण**

यस कार्यालय वा अन्तर्गत सरुवा तथा पदस्थापन भई आएका कर्मचारीहरूको विवरण

| क्र.स. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री बासुदेव खनाल | उपसचिव |
| २. | श्री मञ्जु कुमारी जैसी ढकाल | उपसचिव (लेखा) |
| ३. | श्री राम थापा | सूचना प्रविधि निर्देशक |
| ४. | श्री निरोज दाहाल | सि.डि.ई |
| ५. | श्री सुदर्शन पौडेल | लेखा अधिकृत |
| ६. | श्री खगेन्द्र पौडेल | तथ्याङ्क अधिकृत |

यस कार्यालयबाट  सरुवा तथा पदस्थापन भई गएका कर्मचारीहरूको विवरण

| क्र.स. | कर्मचारीको नाम | पद |
|---|---|---|
| १. | श्री महादेव पन्थ | सचिव |
| २. | श्री लेखनाथ ज्ञवाली | उपसचिव |
| ३. | श्री सुकदेव प्रसाद बाँसकोटा | उपसचिव |
| ४. | श्री पर्वत गिरी | उपसचिव |
| ५. | श्री यन्तोष प्रधान | शाखा अधिकृत |
| ६. | श्री देबेन्द्र सुवेदी | शाखा अधिकृत |

## ५.सम्पादन गरेका मुख्य-मुख्य कामको विवरण (सारांश)

यस कार्यालयका विभिन्न महाशाखा तथा शाखाबाट आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक (२०८२ माघ-चैत मसान्तसम्म) अवधिमा सम्पादित मुख्य-मुख्य कार्यहरूः

- ✓ मध्यपूर्वमा विकसित घटनाक्रम र यसबाट त्यहाँ रहेका नेपालीहरूमा पर्न सक्ने प्रभाव लगायतका विषयमा सरोकारवाला मन्त्रालयका सचिव एवम् विभागीय प्रमुखहरूको उपस्थितिमा बैठक बसी नेपालीको आवश्यक सुरक्षाका लागि समन्वयको पहल गरिएको।

- ✓ इन्धन आपूर्तिलाई व्यवस्थित गर्नका लागि आयात सहजीकरण तथा नियमित बजार अनुगमन कार्यमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई थप सक्रियता अपनाउन निर्देशन दिइएको।
- ✓ सार्वजनिक निकायमा हुनसक्ने भ्रष्टाचार र अनियमितताको रोकथाम तथा नियन्त्रण गर्न एवम् सेवा प्रवाह प्रभावकारी बनाउन गर्नुपर्ने सुधारका सम्बन्धमा शासकीय सुधारको मार्गचित्र तर्जुमा एवम् कार्यान्वयनका लागि सहजीकरण गरिएको।
- ✓ प्रत्यक्ष रूपमा सेवा प्रवाह गर्ने मन्त्रालय/निकायका पदाधिकारीले कानुनले तोकेको समयमै भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारीरूपमा नियन्त्रण गर्ने सम्बन्धमा निर्णय गर्ने तथा सम्बन्धित मन्त्रालयबाट मातहतका विभाग/कार्यालयले प्रवाह गरेको सेवाको आन्तरिक अनुगमन गर्न परिपत्र गरिएको।
- ✓ व्यक्तिगत डाटा सुरक्षा नीति (Personal Data Protection Policy) को मस्यौदा उपर नीतिगत छलफल गरी सुधारका लागि सुझाव दिईएको।
- ✓ २०८२ साल माघ १ गतेदेखि चैत मसान्तसम्म १३ वटा मन्त्रिपरिषद् बैठक बसी २०३ वटा निर्णयहरू भएको।
- ✓ यस त्रैमासिक अवधिमा मन्त्रिपरिषद्का विभिन्न समितिको ४ वटा बैठक सम्पन्न भई १० वटा निर्णयहरू भएको।
- ✓ नेपाल सरकार, मन्त्रिपरिषद्को विभिन्न बैठकबाट यस अवधिमा जम्मा ८१ निर्णयहरू प्रणाली (ICAS) मार्फत कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयहरूमा पठाई अनुगमन भइरहेको।
- ✓ शून्य बाँकी फाइल सप्ताह अभियान सञ्चालन सम्बन्धी मार्गदर्शन, २०८२ कार्यान्वयन सम्बन्धमा सबै मन्त्रालय/आयोग/सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सबै स्थानीय तहमा परिपत्र गरिएको।
- ✓ सरकारी सञ्चार माध्यममा मात्र सूचना प्रकाशन/प्रसारण गर्ने सम्बन्धी सबै सङ्घीय मन्त्रालय, आयोग, सचिवालय एवम् सबै प्रदेश तथा स्थानीय तहमा परिपत्र गरिएको।
- ✓ सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिमा प्राप्त भएका ४४ वटा निवेदन उपर सूचना उपलब्ध गराइएको।
- ✓ सम्पूर्ण मन्त्रालयहरूबाट नेपाल सरकारका विद्यमान राष्ट्रिय नीतिहरूको विवरणहरू सङ्कलन गरी अद्यावधिक विवरण तयार पारिएको।
- ✓ शासकीय सुधार सम्बन्धी १०० बुँदे कार्यसूचीहरूको प्रभावकारी कार्यान्वयनका लागि अन्तरनिकाय समन्वय तथा छलफल भएको।
- ✓ राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरूका कार्यान्वयन अवस्थाको बारेमा सम्बन्धित निकायहरू मार्फत प्रगति विवरण प्राप्त गरी तयार गरिएको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेश गर्न नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भएको।

- ✓ सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४ज.(२) मा नियमनकारी निकाय,अनुसन्धान गर्ने निकाय सम्बद्ध अन्य निकायले आफूले वर्षभरी गरेको काम कारबाहीको समीक्षासहितको वार्षिक प्रतिवेदन समन्वय समितिले निर्धारण गरेको ढाँचामा सम्बद्ध निकायहरूबाट प्राप्त आ.व २०८१/८२ को सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसँग सम्बन्धित तथ्याङ्कीय विवरण, सम्पादन गरिएका महत्वपूर्ण कार्य र सोको उपलब्धिसमेतको प्रगति विवरण अनुसारको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिएको।
- ✓ सङ्घीय मन्त्रालयहरूको आ.व. २०८२/८३ को कार्ययोजना सम्बन्धमा दोस्रो त्रैमासिक प्रगति समीक्षा गरिएको।
- ✓ एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्राप्त प्रगति विवरणको आधारमा सङ्घीय मन्त्रालयहरूको नीति तथा कार्यक्रम कार्यान्वयन कार्ययोजनाको आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक प्रगति प्रतिवेदन एवम् माघ र फागुन महिनाको मासिक प्रगति प्रतिवेदन तयार गरिएको।
- ✓ सङ्घीय मन्त्रालयहरूबाट गरिएको अनुगमनको प्रभावकारिता परीक्षणको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गतको "चलचित्र छायाङ्कन स्टुडियो निर्माण", काभ्रेपलाञ्चोक, एवम् बहिरा बाल मा.वि. रूपन्देहीको भौतिक पूर्वाधार निर्माण र प्रशासनिक भवन निर्माण तथा सैनामैना नगरपालिका, रूपन्देही अन्तर्गत वडा कार्यालयहरूको प्रशासनिक भवन पूर्वाधार निर्माण एवम् निरन्तरता र नगरस्तरीय अधुरो कोल्डस्टोर निर्माण र वन मन्त्रालय अन्तर्गतको Climate Change Adaption Through Sustainable Forest Management-CASFOM, व्यापारिक मार्ग विस्तार आयोजना (वीरगञ्ज-पथलैया ) सडक योजना, वीरगञ्ज, सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय, कास्की र खाँदबारी-किमाथाङ्का (च्यामताङ्ग-घोङ्गप्पा) सडक आयोजना गरी जम्मा ८ वटा आयोजनाको अनुगमनको अनुगमन गरिएको।
- ✓ विपद् जोखिम न्यूनीकरण र विपद् पूर्वतयारीको अवस्था बारेमा छलफल गर्न नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा मिति २०८२ चैत २० गते बैठक सम्पन्न भएको।
- ✓ तेस्रो त्रैमासिक अवधिमा हेलो सरकार शाखामा सूचनाका विभिन्न माध्यमबाट प्राप्त गुनासोहरू अध्ययन गरी ९,२३९ गुनासो समाधानको निमित्त सम्वन्धित निकायमा पठाईएको मध्ये २,४८० गुनासो फछ्र्यौट भएको।
- ✓ सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूबाट म्याद प्राप्त हुन आएका १६० थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।
- ✓ संयुक्त राष्ट्रसंघ अन्तर्गतको मानव अधिकार परिषद्मा पेस भएको विश्वव्यापी आवधिक पुनरावलोकन चौथौ चक्रको प्रतिवेदनका सम्बन्धमा विभिन्न मुलुकबाट नेपालका लागि

गरिएका सिफारिसहरू उपर नेपालको धारणा (Position) निर्धारण गरी परराष्ट्र मन्त्रालय मार्फत मानव अधिकार परिषद्मा पठाइएको।

## ५.१ मुख्यसचिवको सचिवालय

- २०८२ फागुन २१ मा सम्पन्न भएको निर्वाचनलाई निश्पक्ष धाँधली रहित शान्तिपूर्ण रूपमा सम्पन्न गराउन आवश्यक सहजीकरण गरिएको।

- **मध्यपूर्वमा विकसित घटनाक्रम पछिको परिस्थितिका सम्बन्धमा समन्वय बैठक**
  - ➢ मध्यपूर्वमा विकसित घटनाक्रम र यसबाट त्यहाँ रहेका नेपालीहरूमा पर्न सक्ने प्रभाव लगायतका विषयमा सरोकारवाला मन्त्रालयका सचिव एवम् विभागीय प्रमुखहरूको उपस्थितिमा बैठक बसी नेपालीको आवश्यक सुरक्षाका लागि समन्वयको पहल गरिएको।
  - ➢ इन्धन आपूर्तिलाई व्यवस्थित गर्नका लागि आयात सहजीकरण तथा नियमित बजार अनुगमन कार्यमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई थप सक्रियता अपनाउन निर्देशन दिइएको।

- **नेपाल सरकार सचिव बैठकको लागि समन्वय तथा निर्णयहरूको कार्यान्वयनको फलोअप**
  - ➢ यस अवधिमा २(दुई) वटा सचिव बैठक बसी १५ वटा निर्णय भएको। उक्त बैठकहरूबाट भएका निर्णयहरू कार्यान्वयनका लागि सचिवालयबाट निरन्तर फलोअप गरिएको।

- **विकास व्यवस्थापन र फलोअप सम्वन्धी कार्य**
  - ➢ सङ्घीय संसद भवनको निर्माण कार्यको नियमित अनुगमन गरी शीघ्र सम्पन्न गर्न निर्देशन दिइएको।
  - ➢ राजनीति र प्रशासनको अन्तरसम्वन्ध विकासको मोडालिटी, विकासको सहजीकरणको लागि कानुनी सुधार र नतिजा व्यवस्थापनलाई तथ्यपरक एवम् जवाफदेही बनाउने गरी कार्य गर्न मुख्यसचिवबाट आयोजना भएका बैठकको सञ्चार, समन्वय र सहजीकरणको कार्य गरिएको।
  - ➢ राष्ट्रिय सहिद तथा शान्ति पार्क, निजामती (स्मारक) निर्माणको लागि बजेट तथा कार्यक्रम सम्बन्धी छलफल गरिएको।

- **सार्वजनिक सेवा प्रवाह सम्वन्धी निर्णयहरूको फलोअप**

- सार्वजनिक निकायमा हुनसक्ने भ्रष्टाचार र अनियमितताको रोकथाम तथा नियन्त्रण गर्न एवम् सेवा प्रवाह प्रभावकारी बनाउन गर्नुपर्ने सुधारका सम्बन्धमा शासकीय सुधारको मार्गचित्र तर्जुमा एवम् कार्यान्वयनका लागि सहजीकरण गरिएको।
- सार्वजनिक खरिद प्रक्रिया र E-bidding को गुणस्तर सुधारका लागि प्रतिवेदन तयार गरी सुधारका उपायहरू कार्यान्वयनका लागि पहल गरिएको।
- प्रत्यक्ष रूपमा सेवा प्रवाह गर्ने मन्त्रालय/निकायका पदाधिकारीले कानुनले तोकेको समयमै भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्ने सम्बन्धमा निर्णय गर्ने तथा सम्बन्धित मन्त्रालयबाट मातहतका विभाग/कार्यालयले प्रवाह गरेको सेवाको आन्तरिक अनुगमन गर्न परिपत्र गरिएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गतका निकायहरूको आवधिक निरीक्षण तथा अनुगमन सम्पन्न गरिएको।
- व्यक्तिगत डाटा सुरक्षा नीति (Personal Data Protection Policy) को मस्यौदा उपर नीतिगत छलफल गरी सुधारका लागि सुझाव दिईएको।

- **अभिलेख व्यवस्थापन**
  - श्रीमान् मुख्यसचिवलाई सम्बोधन गरी सचिवालयमा प्राप्त पत्रहरू मुख्यसचिव समक्ष पेश गरी निकासा भएबमोजिम Online प्रणाली मार्फत कार्यान्वयनको लागि यस कार्यालय र विभागीय मन्त्रालयका सचिवहरू समक्ष पठाइएको।
  - नेपाल सरकारका वहालवाला र सेवा निवृत्त सचिव तथा विभागीय प्रमुखहरूको विवरण अद्यावधिक गरिएको।
  - सचिवालयमा प्राप्त प्रतिवेदनहरूको डिजीटल अभिलेखीकरण गरिएको।

- **बैठक व्यवस्थापन**
  - सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा हुने बैठक/छलफल/कार्यक्रमहरूमा मुख्य सचिव/सचिवको सहभागिताको आवश्यक सञ्चार र समन्वय गरिएको।
  - नेपाल सरकारको सचिव बैठक र मुख्य सचिवको निर्देशन अनुसार बोलाइएका अन्य बैठकहरूको व्यवस्थापन गरिएको।

- **विविध**
  - विभिन्न देशका कुटनीतिक पदाधिकारीसँग भेटघाट तथा छलफल कार्यक्रमको लागि आवश्यक समन्वय गरिएको।
  - यस सचिवालयमा प्राप्त भएका दैनिक/साप्ताहिक सुरक्षा प्रतिवेदनको Briefing गरी अभिलेख व्यवस्थापन गरिएको।

सचिव बैठकका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् ।

## मन्त्रिपरिषद् बैठक तथा संवैधानिक निकाय महाशाखा

### ५.२ मन्त्रिपरिषद् बैठक शाखा, मन्त्रिपरिषद् समिति, संवैधानिक निकाय तथा निर्णय कार्यान्वयन शाखा,

- २०८२ साल माघ १ गतेदेखि चैत मसान्तसम्म १३ वटा मन्त्रिपरिषद् बैठक बसी २०३ वटा निर्णयहरू भएको।
- यस त्रैमासिक अवधिमा मन्त्रिपरिषद्का विभिन्न समितिको ४ वटा बैठक सम्पन्न भई १० वटा निर्णयहरू भएको।
- नेपाल सरकार (मन्त्रिपरिषद्)को विभिन्न बैठकबाट यस अवधिमा जम्मा ८१ निर्णयहरू प्रणाली (ICAS) मार्फत कार्यान्वयनको लागि सम्बन्धित मन्त्रालयहरूमा पठाई अनुगमन भइरहेको।
- मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनको अवस्थाको लागि यस अवधिमा २ पटक स्थलगत अनुगमनसमेत भएको।

| नेपाल सरकार (मन्त्रिपरिषद् बैठक) का निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् |
|---|

| मन्त्रिपरिषद् समितिका सबै निर्णयहरू हेर्न यहाँ क्लिक गर्नुहोस् । |
|---|

## जनशक्ति व्यवस्थापन महाशाखा

### ५.३ प्रशासन शाखा

- शून्य बाँकी फाइल सप्ताह अभियान सञ्चालन सम्बन्धी मार्गदर्शन, २०८२ कार्यान्वयन सम्बन्धमा सबै मन्त्रालय/आयोग/सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सबै स्थानीय तहमा परिपत्र गरिएको।
- यस कार्यालय तथा अन्तर्गतका निकायका कर्मचारी तथा पदाधिकारीहरूको नियमित सरूवा, बढुवा, नियुक्ति, पदस्थापन, निवृत्तिभरण, अध्ययनका लागि पूर्व स्वीकृति, मनोनयन, बिदा, काज तथा वैदेशिक भ्रमण सम्बन्धी कार्य गरिएको।
- कर्मचारी क्षमता विकास अन्तर्गत तनाव विसर्जन र क्षमता विकास सम्बन्धी २ दिने कार्यक्रम सम्पन्न भएको। उक्त कार्यक्रममा ३७ जना कर्मचारीको सहभागिता रहेको।
- वैयक्तिक विवरण (PIS) अध्यावधिक गर्ने प्रयोजनको लागि कार्यदल गठन गरी कार्य आरम्भ गरिएको।

- सरकारी सञ्चार माध्यममा मात्र सूचना प्रकाशन/प्रसारण गर्ने सम्बन्धी सबै सङ्घीय मन्त्रालय, आयोग, सचिवालय एवम् सबै प्रदेश तथा स्थानीय तहमा परिपत्र गरिएको।
- फ्रन्ट डेस्कमा काम गर्ने कर्मचारीहरूको सूची र आवश्यक तालिमको विवरण पठाउनको लागि अन्तर्गतको निकायमा परिपत्र गरिएको।
- शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको प्रभावकारी कार्यान्वयनको लागि विभिन्न मितिमा देहायको कार्य गर्नेगरी कार्यदल गठन गरिएको।
  - शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं.३ को राष्ट्रिय प्रतिवद्धताको मस्यौदा उपर राय सुझाव माग गर्न वेबसाइटमा राखिएको।
  - शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं.९ अन्तर्गतका कार्यान्वयनका लागि पुनःसंरचना व्यवस्थापन सचिवालय गठन गरिएको।
  - शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं.११ अन्तर्गत अनुत्पादक, दोहोरो कार्यक्षेत्र भएका तथा अनावश्यक वित्तीय भार सिर्जना गर्ने बोर्ड, समिति, आयोजना तथा संस्थागत संरचनाहरूको समग्र मूल्याङ्कन गरी खारेज, एकीकरण वा पुनर्सरचना गर्न र मुलुक सङ्घीय संरचनामा गइसकेपश्चात सङ्घले गर्दै आएका कतिपय कार्यहरू प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएको हुँदा ती निकायलाई सम्बन्धित तहमा हस्तान्तरण गर्न एक महिनाभित्र स्पष्ट सिफारिससहितको प्रतिवेदन पेश गर्न एक "उच्चस्तरीय कार्यदल" गठन गरिएको।
  - शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं.२० अन्तर्गत प्रमुख शहरहरूमा दैनिक कम्तीमा १२ घण्टा सञ्चालन हुनेगरी नागरिक सेवा केन्द्र स्थापना तथा सञ्चालनको मोडालिटी तयार गरी स्पष्ट सिफारिससहितको प्रतिवेदन ७ दिनभित्र पेश गर्न नागरिक सेवा केन्द्र सञ्चालन सम्बन्धी कार्यदल गठन गरिएको।
  - शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. १६ मा कर्मचारीहरूको कार्यसम्पादनलाई परिणामसँग जोड्नका लागि सबै कर्मचारीहरूको कार्यसम्पादन सूचक तयार गर्ने प्रयोजनार्थ कार्यसम्पादनको सूचकको विवरण माग गरिएको।
  - शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको प्रभावकारी कार्यान्वयनका लागि सम्पूर्ण मन्त्रालय, आयोग तथा सचिवालयमा सम्पर्क व्यक्ति (Focal Person)

तोक्न लगाई Focal Person हरू सम्मिलित बैठक आयोजना गरी अन्तर मन्त्रालय समन्वय गरिएको।

- सम्माननीय प्रधानमन्त्रीज्यूको स्वकीय सचिवालय तथा सल्लाहकार सचिवालयका लागि आवश्यक पर्ने कार्यकक्ष, कम्प्युटर, ल्यापटप लगायतका सामानहरूको व्यवस्थापन गरिएको।

## ५.४ आर्थिक प्रशासन शाखा

---

- आर्थिक वर्ष २०८२/८३ को विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष (विविध)को माघ महिनासम्मको आन्तरिक लेखापरीक्षण सम्पन्न गराइएको।
- आर्थिक प्रशासनसँग सम्बन्धित महाशाखा/शाखाबाट माग गरिएको राय समयमा नै उपलब्ध गराउने गरिएको।
- यस वर्षको तेस्रो त्रैमासिकमा कुल वित्तीय प्रगति पुँजीगत तर्फ १९.७२ प्रतिशत र चालू तर्फ १०.९४ प्रतिशत भएको छ।
- यस कार्यालय तथा अन्तर्गतका निकायहरूको आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक अवधि सम्मको बेरुजु लगत अद्यावधिक गरिएको छ।

***(खर्चको थप विवरण यसै प्रतिवेदनको क्र.सं. ८ मा संलग्न गरिएको छ।)***

## ५.५ सूचना, प्रेस तथा संसद समन्वय शाखा

---

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गर्दै यस कार्यालयका सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिमा प्राप्त भएका ४४ वटा निवेदन उपर सूचना उपलब्ध गराइएको।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम राष्ट्रिय सूचना आयोगमा परेको पुनरावेदन निवेदनको सम्बन्धमा २ वटा लिखित जवाफ तयार गरी आयोगमा पठाइएको।
- राष्ट्रिय सूचना आयोग लगायत सरोकारवाला निकायबाट माग भई आएका शाखासँग सम्बन्धित विवरण समयमा नै उपलब्ध गराइएको।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम १ (एक) वटा स्वतः प्रकाशन सार्वजनिक गरिएको।
- प्रतिनिधि सभा र राष्ट्रिय सभाको अधिवेशनमा उठेका सवालहरूको नियमित रूपमा टिपोट गरी एकीकृत विवरण तयार गरी रिपोर्टिङ गरिएको।

➢ सरकारका शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीहरूमा उल्लिखित कार्यसूचीको कार्यान्वयनको लागि यस शाखासँग सम्बन्धित विषयहरू तोकिएको समयसीमा भित्र सम्पन्न गरिएको।

## सामाजिक तथा भौतिक पूर्वाधार महाशाखा

### ५.६ सामाजिक विकास शाखा र भौतिक पूर्वाधार विकास शाखा

- सम्माननीय प्रधानमन्त्री एवम् कृषि तथा वन विज्ञान विश्वविद्यालयका कूलपतिज्यूको मिति २०८२/१०/०४ गतेको निर्णय अनुसार कृषि तथा वन विज्ञान विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालय सेवा आयोगको अध्यक्ष र सदस्य पदमा नियुक्ति गरिएको।
- शासकीय सुधारका एक सय कार्यसूची कार्यान्वयन कार्ययोजना अन्तर्गत सामाजिक विकास शाखा तथा शाखा सम्बद्ध मन्त्रालयबाट सम्पादन हुने क्रियाकलापहरूको कार्यान्वयन तथा अनुगमन प्रयोजनार्थ अनुगमन खाका तर्जुमा गरी नियमित अनुगमन/प्रगति बुझ्ने कार्य भइरहेको।
- सरकार,उद्योग र प्राज्ञिक क्षेत्र बिचको सहकार्य र रणनीतिक साझेदारीको अवधारणापत्र तयार गरिएको।
- मेलम्ची खानेपानी आयोजनाको भुक्तानी, क्षतिपूर्ति तथा स्थानीय तहका मागका सम्बन्धमा सहजीकरण बैठक सम्पन्न भएको र विगतका सम्झौता कार्यान्वयनका लागि कार्ययोजना निर्माण भइरहेको।
- सार्वजनिक खरिद ऐन तथा नियमावली परिमार्जन तथा संशोधन सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालय तथा नेपाल निर्माण व्यवसायी महासंघ लगायत सरोकारकारबीच अन्तर्किया तथा छलफल भएको।
- मिति २०८२/८/२४ मा राष्ट्रिय महत्वका आयोजना/परियोजनासँग सम्बन्धित सरोकारवालासँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी विकास निर्माण क्षेत्रका अवरोध तथा कानुनी सुधारका सबालहरू पहिचान गरिएको।
- संघ, प्रदेश र स्थानीय तहमा देखिएका विकास निर्माणका सबाल तथा कर्मचारीका सबालहरू पहिचान गर्नका लागि जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीमा प्रदेश

सरकारका प्रमुख सचिव लगायत सम्बन्धित सरोकारवाला पदाधिकारीहरूसँग अन्तरक्रिया र छलफल गरिएको।

- लगानी बोर्डसँगको सहकार्यमा लगानी सहजीकरणसम्बन्धी बैठक सम्पन्न गरिएको।

## आर्थिक मामिला तथा नीति विश्लेषण महाशाखा

### ५.७ आर्थिक मामिला शाखा, नीति विश्लेषण तथा समन्वय शाखा र तथ्याङ्क तथा अभिलेख व्यवस्थापन शाखा

- मिति २०८२/१०/०८ गते मुख्यसचिवज्यूको संयोजकत्वमा साझा प्रकाशनको सुदृढीकरण सम्बन्धी बैठक सम्पन्न भएको। उक्त बैठकले साझा प्रकाशनको सुदृढीकरणका लागि **Innovative Business Plan** सहितको प्रतिवेदन तयार गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिवको नेतृत्वमा एक कार्यदल गठन गरिएको साथै, उक्त कार्यदलबाट प्रतिवेदन समेत प्राप्त भएको।
- शासकीय सुधार सम्बन्धी १०० बुँदे कार्यसूचीहरूको प्रभावकारी कार्यान्वयनका लागि अन्तरनिकाय समन्वय,छलफल भएको। मिति २०८२/१२/१७ गते कार्यसूची नं ६४ को PM Delivery Unit को स्थापना गर्ने निर्णय भएको। मिति २०८२/१२/२४ मा PMDU को पहिलो बैठक सम्पन्न भई कार्यान्वयनमा रहेको।
- २०८२/१२/२५ गते पशुपति क्षेत्र विकास कोष र पर्यटन मन्त्रालयका प्रतिनिधिहरूसँग पशुपति क्षेत्रका सम्बन्धमा देखिएका समस्याहरूको समाधानका लागि समन्वय बैठक सम्पन्न भएको।
- राष्ट्रिय मल नीति, २०५८ को अध्ययन तथा नीति परीक्षण कार्यको विषयमा Desk Review को लागि मिति २०८२/११/२७ र २०८२/१२/९ मा अध्ययन/परीक्षण टोलीको बैठक सम्पन्न भएको।
- मिति २०८२/१२/१० मा कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडका प्रतिनिधि र २०८२/१२/११ मा मलखाद व्यवस्थापन संघसँगका प्रतिनिधिसँग प्रश्नोत्तरको कार्य सम्पन्न भएको।
- श्रीमान् मुख्य सचिवज्यूको संयोजकत्वमा नीति प्रयोगशाला निर्देशक समितिको ७ औं बैठक बसी व्यक्तिगत डाटा संरक्षण नीति, २०८२ माथि छलफल सम्पन्न भएको।
- नीति प्रयोगशाला निर्देशक समितिको मिति २०८२/१०/११ को बैठकको मिति २०८२/११/१० को पुरक बैठकको निर्णय बमोजिम व्यक्तिगत डाटा संरक्षण नीति, २०८२ को मस्यौदामा समावेश गर्न भनी उठाइएका विषय तथा प्रस्तावित नीतिमा समावेश गरिनुपर्ने अन्य सान्दर्भिक विषयहरू समेत समावेश गरी राष्ट्रिय नीतिको ढाँचा अनुरूप १ महिना भित्र नीति मस्यौदा तयार गरी पेश गर्न समिति गठन भएको।

- सरकारको १०० दिने कार्यसूचीहरूको सम्बन्धमा शाखाबाट समन्वय गर्नुपर्ने निकायहरूको क्रियाकलापको Matrix तयार गरिएको।
- सम्पूर्ण मन्त्रालयहरूबाट नेपाल सरकारका विद्यमान राष्ट्रिय नीतिहरूको विवरणहरू सङ्कलन गरी अद्यावधिक विवरण तयार पारिएको।
- राष्ट्रिय झोलुङ्गेपुल नीति, २०८२ को मस्यौदाउपर शहरी विकास मन्त्रालय र स्थानीय पूर्वाधार विकास विभागका सम्बन्धित कर्मचारीहरूसँग दफाबार छलफल गरिएको।

## शासकीय सुधार महाशाखा

## ५.८ सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा

- शाखामा प्राप्त अनियमितता तथा भ्रष्टाचारसम्बन्धी गुनासा/उजुरीहरूको अध्ययन गरी नियमानुसार छानविन तथा आवश्यक कार्यार्थ सम्बन्धित मन्त्रालय वा निकायमा पत्राचार गरिएको।
- राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरूका कार्यान्वयन अवस्थाको बारेमा सम्बन्धित निकायहरू मार्फत प्रगति विवरण प्राप्त गरी तयार गरिएको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेश गर्न नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भएको।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त पत्रहरू सम्बन्धित मन्त्रालय वा निकायमा पठाउनुका साथै मन्त्रालय तथा निकायबाट प्राप्त प्रतिवेदन/ विवरण अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाउने जस्ता समन्वयकारी भूमिका निर्वाह गरिएको।
- शासकीय सुधार महाशाखा अन्तर्गतको स्वीकृत वार्षिक कार्यक्रमहरूमध्ये चितवन, लमजुङ्ग र मनाङ्ग जिल्लाहरूमा शासकीय सम्वाद शृङ्खला कार्यक्रम सञ्चालन गरिएको।

## ५.९ प्रादेशिक समन्वय, राष्ट्रिय सुरक्षा तथा कुटनीतिक मामिला शाखा

- सम्माननीय प्रधानमन्त्रीज्यूको मिति २०८२/०९/१४ को निर्णयानुसार यस कार्यालयका शासकीय मामिला क्षेत्र हेर्ने सचिवको संयोजकत्वमा गठित सुशासन मार्गचित्र तयारी समितिको बैठक व्यवस्थापनको कार्य गरिएको।
- सुशासन मार्गचित्र तयारीका क्रममा शासकीय सुधारका विविध क्लष्टरहरूमा लेख्य सामग्रीका साथै सम्बन्धित निकाय एवम् संस्थाहरूका वेबसाइटमा राखिएका सामग्रीहरूसमेत अध्ययन एवम् सङ्कलन गरिएको।

- सरोकारवाला सरकारी तथा गैर सरकारी निकाय, संस्था, पदाधिकारी एवम् विज्ञ व्यक्तित्वहरूसँग समन्वय एवम् सम्पर्क स्थापित गरी प्रत्यक्ष अप्रत्यक्ष रूपमा राय सुझाव सङ्कलन गरी दस्तावेज तयार गरिएको।
- नेपाल सरकारले स्वीकृत गरेको शासकीय सुधारका एकसय कार्यसूचीमा उल्लेख भएबमोजिमका कार्यहरू कार्यान्वयन गर्ने सन्दर्भमा मालपोत र नापी कार्यालयहरूको एकीकरण र स्थानीय तहमा सेवा हस्तान्तरण गर्ने प्रयोजनको लागि सरोकारवाला मन्त्रालय र निकायका पदाधिकारीहरूसँग निरन्तर छलफल, बैठक एवम् अन्तरक्रिया आयोजना गरी प्राप्त राय सुझाव समेटी प्रतिवेदन तयार गरेको।

## ५.१० सम्पत्ति शुद्धीकरण तथा राजस्व अनुसन्धान शाखा

---

- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४ज.(२) मा नियमनकारी निकाय,अनुसन्धान गर्ने निकाय सम्बद्ध अन्य निकायले आफूले वर्षभरी गरेको काम कारबाहीको समीक्षासहितको वार्षिक प्रतिवेदन समन्वय समितिले निर्धारण गरेको ढाँचामा सम्बद्ध निकायहरूबाट प्राप्त आ.व २०८१/८२ को सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसँग सम्बन्धित तथ्याङ्कीय विवरण, सम्पादन गरिएका महत्वपूर्ण कार्य र सोको उपलब्धिसमेतको प्रगति विवरण अनुसारको प्रतिवेदन पेश गरिएको।
- मिति २०८२/३/२ को सचिव बैठकको निर्णय नं. ४ ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको विस्तृतीकरण, २०८२ मा जिम्मेवार निकायको रूपमा तोकिएका निकायहरूले उक्त विस्तृतीकरणमा उल्लिखित क्रियाकलापहरूको कार्यान्वयनलाई तीव्रता दिने र सो सम्बन्धमा भएका कार्यहरूको मासिक प्रगति प्रत्येक महिनाको २५ गतेभित्र यस कार्यालयमा पठाउने निर्णय अनुरूप तत् तत् तोकिएको निकायहरूबाट प्राप्त प्रगति विवरण एकमुष्ट सङ्कलन हुँदै आएको कार्यलाई निरन्तरता दिइएको।
- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७भ. मा सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धी कार्यमा संलग्न निकायको प्रभावकारिता अभिवृद्धि गर्न बनेको समन्वय समितिको मिति २०८२/१०/०७ मा समन्वय समितिको १४५ औं बैठक बसेको।
- आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रममा राजस्व चुहावटबारे अनुसन्धान तथा नियन्त्रण सम्बन्धमा प्रतिवेदन प्राप्ति, विश्लेषण, समीक्षा र अनुगमन शिर्षकमा बजेट व्यवस्था भएबमोजिम नेपालमा देखिएको राजस्व चुहावटको अवस्था अध्ययन गर्न सम्बद्ध निकायहरूको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन सङ्कलन एवम् राजस्व चुहावट

(अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३९ बमोजिम आ.व. २०८२/८३ को श्रावण १ गतेदेखि पौष मसान्तसम्म अवधिको अनुसन्धान तथा तहकिकात सम्बन्धी कार्यको प्रतिवेदन राजस्व अनुसन्धान विभागबाट प्राप्त भई राजस्व चुहावटबारे अनुसन्धान तथा नियन्त्रण सम्बन्धी अध्ययन प्रतिवेदनको मस्यौदा तयार भइरहेको।

## नतिजा व्यवस्थापन महाशाखा

### ५.११ नतिजा व्यवस्थापन तथा विश्लेषण शाखा, तत्काल समस्या समाधान तथा विपद् समन्वय शाखा र योजना तथा अनुगमन शाखा

- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्तर्गतका निकायको दोस्रो त्रैमासिक/अर्धवार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक २०८२/१०/२७ गते सम्पन्न गरी बैठकका निर्णयहरू कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइएको।
- सङ्घीय मन्त्रालयहरूको आ.व. २०८२/८३ को कार्ययोजना सम्बन्धमा २०८२/१०/२९ गते दोस्रो त्रैमासिक प्रगति समीक्षा गरिएको।
- एकीकृत अनलाइन अनुगमन प्रणालीमा प्राप्त प्रगति विवरणको आधारमा सङ्घीय मन्त्रालयहरूको नीति तथा कार्यक्रम कार्यान्वयन कार्ययोजनाको आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक प्रगति प्रतिवेदन एवम् माघ र फागुन महिनाको मासिक प्रगति प्रतिवेदन तयार गरिएको।
- सङ्घीय मन्त्रालयहरूबाट गरिएको अनुगमनको प्रभावकारिता परीक्षणको लागि फागुन महिनामा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गतको "चलचित्र छायाङ्कन स्टुडियो निर्माण", बनेपा नगरपालिका, काभ्रेपलाञ्चोक, एवम् राष्ट्रिय योजना आयोगबाट अनुगमन भएको सिद्धार्थनगर नगरपालिका,रूपन्देही अन्तर्गत बहिरा बाल मा.वि. भौतिक पूर्वाधार निर्माण र प्रशासनिक भवन निर्माण तथा सैनामैना नगरपालिका, रूपन्देही अन्तर्गत वडा कार्यालयहरूको प्रशासनिक भवन पूर्वाधार निर्माण एवम् निरन्तरता र नगरस्तरीय अधुरो कोल्डस्टोर निर्माण र वन मन्त्रालय अन्तर्गतको Climate Change Adaption Through Sustainable Forest Management-CASFOM गरी ३ वटा र चैत महिनामा व्यापारिक मार्ग विस्तार आयोजना (वीरगञ्ज-पथलैया) सडक योजना, वीरगञ्ज, सङ्घीय सहरी विकास तथा भवन निर्माण कार्यालय, कास्की र खाँदबारी-किमाथाङ्का (च्यामताङ्ग-घोङ्बप्पा) सडक आयोजना गरी ३ वटा र हालसम्म जम्मा ८ वटा आयोजनाको अनुगमनको अनुगमन गरिएको।

- आगामी आर्थिक वर्ष २०८३/८४ को लागि यस कार्यालय र अन्तर्गतका निकायहरूको वार्षिक कार्यक्रम तथा बजेट तयार गरी LMBIS मा प्रविष्ट गरिएको।
- आर्थिक सर्वेक्षण,२०८२/८३ तयारीको लागि यस कार्यालय र अन्तर्गतका निकायहरूको एकीकृत विवरण अर्थ मन्त्रालयलाई उपलब्ध गराइएको।
- यस कार्यालय र अन्तर्गतको मध्यमकालीन खर्च संरचना (२०८३/८४-८५/८६) सम्बन्धी एकीकृत विवरण तयार गरी MTEFMIS प्रणालीमा प्रविष्ट गरिएको।
- आगामी वर्षको पहिलो अधिवेशन प्रारम्भ भएपछि संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्माननीय राष्ट्रपतिज्यूबाट गरिने सम्बोधनको मस्यौदा (नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रम) तयार गरिएको।
- नेपाल सरकारका मुख्यसचिवज्यूको संयोजकत्वमा केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ७३ र ७४ औं बैठक सम्पन्न भएको।
- पेट्रोलियम पदार्थको आपूर्ति शृङ्खलामा देखिएको समस्या, आपूर्ति व्यवस्थापन एवम् वैकल्पिक उपायहरूका बारेमा छलफल गर्न नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा मिति २०८२ चैत ९ गते बैठक सम्पन्न,
- विपद् जोखिम न्यूनीकरण र विपद् पूर्वतयारीको अवस्था बारेमा छलफल गर्न नेपाल सरकारका मुख्यसचिवको अध्यक्षतामा मिति २०८२ चैत २० गते बैठक सम्पन्न भएको।
- नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. २ बमोजिम मन्त्रालय/निकायबाट प्राप्त कार्ययोजना एकीकृत गरिएको।

## सूचना प्रविधि महाशाखा

### ५.१२ सूचना प्रविधि शाखा

- कार्यालयको नयाँ भवनमा ईन्टरनेट सञ्चालन प्रयोजनार्थ आवश्यक Networking कार्य जस्तै: Firewall, Switches, Router लगायतका उपकरण जडान गरी कार्य सम्पन्न गरिएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेवसाईट, क्याबिनेट स्वचालन प्रणाली, यस कार्यालयको स्वचालित कार्यालय प्रणाली, ई-हाजिरी प्रणाली, एकीकृत अनुगमन प्रणाली, यस कार्यालयको SMS Portal, हेलो सरकार लगायतका सम्पूर्ण Portal हरूको नियमित सञ्चालन र अद्यावधिक गरिएको।

- गुनासो व्यवस्थापन प्रणालीको स्तरोन्नति प्रयोजनार्थ कार्यक्षेत्रगत शर्तहरू (TOR) तयार गरी पेश गरिएको।
- कार्यालयका लागि आवश्यक सूचना प्रविधि सम्बन्धी उपकरणहरूको आवश्यकता पहिचान, प्राविधिक स्फेशिफिकेसन तयारी तथा गुणस्तरको मुल्याङ्कन गरिएको।
- सूचना प्रविधि महाशाखा प्रमुखको अध्यक्षतामा गठित कार्यालयको विभिन्न खरिद कार्यको मूल्याङ्कन समितिको कार्य सम्पन्न गरी पेश गरिएको।
- हेलो सरकार शाखामा प्रयोगमा रहेको कल सेन्टर सम्बन्धी समस्या समाधान गरी प्रणाली सञ्चालनमा ल्याईएको।

## ५.१३ हेलो सरकार शाखा

- तेस्रो त्रैमासिक अवधिमा हेलो सरकार शाखामा सूचनाका विभिन्न माध्यमबाट प्राप्त गुनासोहरू अध्ययन गरी ९,२३९ गुनासो समाधानको लागि सम्बन्धित निकायमा पठाईएको मध्ये २,४८० गुनासो फछ्यौंट भएको।
- उपरोक्त बमोजिम तेस्रो त्रैमासिक अवधिका फछ्यौंट भएका गुनासो २,४८० र सोही अवधिमा हेलो सरकार विद्युतीय गुनासो व्यवस्थापन पोर्टलमा दर्ता भएका यस अवधि अघिका कूल गुनासोहरूवाट २,०४१ गुनासो समाधान भई जम्मा ४,५२१ गुनासो फछ्यौंट भएको।
- आर्थिक वर्ष २०८२/८३ को साउन १ गते देखि चैत्र मसान्त सम्म पोर्टल मार्फत सम्वन्धित निकायमा पठाइएका कूल गुनासो २२,९६३ मध्ये ९,४४२ गुनासो फछ्यौंट गरिएको। सोही अवधिमा पोर्टलमा दर्ता भएको यस आर्थिक वर्ष अघिका कूल गुनासोहरूवाट ३,७०६ गुनासो समाधान भई जम्मा १३,१४८ फछ्यौंट भएको।
- हेलो सरकार विद्युतीय गुनासो व्यवस्थापन पोर्टलमा मिति २०८२ चैत महिनासम्ममा दर्ता भएका कूल गुनासो ८७,४४८ मध्ये ५५,८८६ (६३.९१%) गुनासोहरू फछ्यौंट भएको।
- हेलो सरकार शाखाको आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०८२/१०/२० गते ६४ वटा विभिन्न सरकारी निकायका गुनासो सुन्ने अधिकारी र हेलो सरकारमा संलग्न कर्मचारीहरूको लागि पोर्टल सञ्चालन र गुनासो व्यवस्थापन सम्वन्धी तालिम कार्यक्रम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सञ्चालन भएको।
- माघ महिनामा रेपिड रेस्पोन्स टिमको बैठक (आ.व. २०८२/८३ को दोस्रो बैठक) बसेको।
- चैत्र महिनाको ८,९ र १० गते चितवन, लमजुङ र मनाङ जिल्लामा हेलो सरकार सम्वन्धी गुनासो व्यवस्थापनको स्थिति र आगामी कार्यदिशा कार्यक्रम सम्पन्न भएको।

- मिति २०८२/१२/१९ देखि पुन रात्रीकालिन सिफ्ट सञ्चालन गरी २४ सै घण्टा थप जनशक्ति व्यवस्थासहित हेलो सरकार सञ्चालन भएको।

## कानून तथा फैसला कार्यान्वयन महाशाखा

### ५.१४ कानून शाखा र फैसला कार्यान्वयन शाखा

१. **लिखित जवाफ तयारी सम्बन्धीः**

सम्माननीय प्रधानमन्त्री, नेपाल सरकार, मन्त्रिपरिषद्, मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूबाट म्याद प्राप्त हुन आएका १६० थान मुद्दाहरूको लिखित जवाफ, पुनरावेदन पत्र तथा प्रतिउत्तर पत्र तयार गरी सम्बन्धित अदालतमा पठाइएको।

२. **फैसला कार्यन्वयन सम्बन्धी कार्यहरूः**

सम्मानित अदालतबाट भएका फैसला/आदेश कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा ताकेता/पत्र गरी जम्मा ७० थान पत्राचार भएको।

३. **राजपत्रमा प्रकाशित हुने सूचना सम्पादनका सम्बन्धमाः**

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई आएपश्चात नेपाल राजपत्रमा प्रकाशित गरिने सूचना थान-४ प्रकाशनको लागि मुद्रण विभागमा पठाईएको।

४. फैसला कार्यान्वयन सम्बन्धमा कोशी प्रदेशका जिल्लामा अनुगमन सम्पन्न गरिएको। साथै, फैसला कार्यान्वयन सम्बन्धी प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम बागमती प्रदेशको हेटौंडामा सम्पन्न भएको।

## मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा

### ५.१५ मानव अधिकार शाखा र अन्तर्राष्ट्रिय कानून र सन्धि सम्झौता शाखा

- राष्ट्रिय मानव अधिकार आयोगमा परेको उजुरीका सम्बन्धमा उक्त आयोगबाट निर्णय कार्यान्वयनका लागि लेखि आएका १२ वटा सिफारिसहरू कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा लेखी पठाइएको।
- संयुक्त राष्ट्रसंघ अन्तर्गतको मानव अधिकार परिषद्मा पेस भएको विश्वव्यापी आवधिक पुनरावलोकन चौथो चक्रको प्रतिवेदनका सम्बन्धमा विभिन्न मुलुकबाट नेपालका लागि गरिएका सिफारिसहरू उपर नेपालको धारणा (Position) निर्धारण गरी परराष्ट्र मन्त्रालय मार्फत मानव अधिकार परिषद्मा पठाइएको।

- मानव अधिकारसम्बन्धी छैठौं राष्ट्रिय कार्ययोजना (आ.व. २०८२/८३-२०८६/८७) को मस्यौदा उपर बागमती प्रदेशमा छलफल र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी सरोकारवाला निकाय तथा संघसंस्थाबाट राय सुझाव सङ्कलन गरिएको।
- संयुक्त राष्ट्रसंघ अन्तर्गतको मानव अधिकार परिषद्‌को Special Rapporteur Nicolas Levrat ले नेपाल भ्रमणका क्रममा Minorities Issues का विषयमा तयार पारेको Report का बारेमा परराष्ट्र मन्त्रालय मार्फत नेपालको राय पठाइएको।
- Special Rapporteur हरूले विभिन्न विषयमा माग गरेका २२ वटा प्रश्नावली तथा प्रतिवेदन उपरको लिखित जवाफ (Input) तयारीका लागि सम्बन्धित मन्त्रालयहरूमा पत्राचार गरिएको।

## शासकीय सुधारको एक सय कार्यसूची सम्बन्धी

- नेपालको संविधान, लोकतन्त्रका आधारभूत मूल्य मान्यतासहित नागरिकका आधारभूत आवश्यकता पुरा गर्न निर्वाचन मार्फत प्राप्त जनमतलाई आत्मसाथ गरी नेपाल सरकार, मन्त्रिपरिषद्‌को सम्बत् २०८२ चैत्र १३ गते बसेको बैठकले शासकीय सुधारका एकसय कार्यसूची सार्वजनिक गरी प्रभावकारी ढङ्गले समयवद्ध रुपमा कार्यान्वयन गर्ने/गराउने व्यवस्थाका लागि विभिन्न मन्त्रालय, निकाय तथा कार्यालयमा पठाइएको छ।
- उक्त कार्यसूचीमा विभिन्न १२ वटा विषय क्षेत्रहरू समेटिएका छन्।
    - साझा प्रतिवद्धता, समन्वय र जनविश्वास
    - प्रशासनिक सुधार, पुनर्संरचना र मितव्ययिता
    - सार्वजनिक सेवा प्रवाह र गुनासो व्यवस्थापन
    - डिजिटल शासन र डेटा गभर्नेन्स तथा सञ्चार
    - सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण
    - सार्वजनिक खरिद र परियोजना व्यवस्थापन सुधार
    - लगानी, उद्योग, निजी क्षेत्र प्रवर्द्धन तथा पर्यटन
    - उर्जा तथा जलस्रोत
    - राजस्व सुधार
    - स्वास्थ्य, शिक्षा र मानव विकास
    - कृषि, भूमि, पूर्वाधार र आधारभूत सेवा
    - अन्य रणनीतिक तथा सामाजिक सुरक्षा

- शासकीय सुधारका कार्यसूची कार्यान्वयन गर्न/गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका साथै सम्बद्ध मन्त्रालय/निकायमा समिति, कार्यदल, कार्यटोली गठन गरिएको छ।
- शासकीय सुधारका उल्लिखित विषयहरु मध्ये तत्काल कार्यान्वयन गरी नागरिकलाई सुधारको अनुभूति दिलाउने, समग्र शासन प्रणाली, विकास व्यवस्थापन, सेवा प्रवाह, दीर्घकालीन महत्वका रणनीतिक क्षेत्रको सुधारका लागि गर्नुपर्ने नीतिगत, कानुनी, संरचनागत सुधार लगायतका क्षेत्रमा अन्तरनिकाय समन्वय सहित सघन रुपमा कार्य भैरहेको छ।
- अन्तर निकाय समन्वय तथा सहजीकरण गर्नुपर्ने विषयका साथै प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले नेतृत्व लिनुपर्ने कार्यहरु सोही बमोजिम जिम्मेवारी लिई कार्यान्वयन गरिनुका साथै कार्यसूचीका सबै विषय समयसीमा भित्रै कार्यान्वयन गर्ने गरी चरणबद्ध रुपमा काम भैरहेको छ।

## ६.प्रवक्ता र सूचना अधिकारीको विवरण

यस कार्यालयसँग सम्बन्धित सूचना तथा निर्णयहरूको प्रभावकारी रूपमा सञ्चार तथा व्यवस्थापन गर्नका लागि प्रवक्ता, सहायक प्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ। राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतलाई कार्यालयको प्रवक्ता र राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सहायक प्रवक्ताको रूपमा जिम्मेवारी तोकिएको छ। कार्यालयसम्बद्ध सूचना माग गर्ने निवेदकहरूलाई सूचना, प्रेस तथा संसद समन्वय शाखाबाट सहज रूपमा सूचना उपलब्ध हुने व्यवस्था मिलाइएको छ। सो शाखाको प्रमुखको रूपमा रहने राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई कार्यालयको सूचना अधिकारीको जिम्मेवारी तोकिएको छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरेको ढाँचामा कुनै पनि नेपाली नागरिकले यस कार्यालयमा विधिवत् निवेदन दिई यस शाखामार्फत आफूलाई आवश्यक परेको सूचना कानूनबमोजिम सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ।

**<u>प्रवक्ताको विवरण</u>**

| | | | |
|---|---|---|---|
| **नाम** | : | **हेमराज अर्याल** |  |
| **पद** | : | सहसचिव | |
| **महाशाखा** | : | जनशक्ति व्यवस्थापन महाशाखा | |
| **सम्पर्क नम्बर** | : | ९८५१२७०३३० | |
| **इमेलः** | : | spokesperson@opmcm.gov.np | |

**सहायक प्रवक्ता / सूचना अधिकारीको विवरण**

| | | | |
|---|---|---|---|
| **नाम** | : | **सिर्जना शर्मा** |  |
| **पद** | : | उपसचिव | |
| **शाखा** | : | सूचना, प्रेस तथा संसद समन्वय शाखा | |
| **सम्पर्क नम्बर** | : | ९८५१३३९५६४ | |
| **इमेल** | : | suchanaadhikari@opmcm.gov.np | |

## ७. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

### यस कार्यालयसँग सम्बन्धित ऐन, नियमावली तथा निर्देशिकाहरूको विवरण

**(क) ऐनहरू**

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- लगानी बोर्ड ऐन, २०६८
- तथ्याङ्क ऐन, २०७९

**(ख) नियमावली तथा कार्ययोजनाहरू**

- नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४
- नेपाल सरकार (कार्यसम्पादन) नियमावली), २०६४
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- प्रधानमन्त्री सहायता कोष नियमावली, २०५९
- नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८
- संवैधानिक परिषद् (कार्यविधि) नियमावली, २०६८
- नेपाल सरकार सुशासन कार्ययोजना, २०६८

**(ग) निर्देशिकाहरू**

- "हेलो सरकार" कक्ष सञ्चालन निर्देशिका, २०६८
- सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०६८
- सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका, २०६९
- नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण, दिवा तथा रात्रिभोज एवम् उपहारसम्बन्धी निर्देशिका, २०७२

- सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२
- जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७३
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५
- सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि, २०७५
- प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६
- कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन निर्देशिका, २०७६
- नागरिक एप (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७८
- इ.पी.सी. माध्यमबाट खरिद गर्ने सम्बन्धी निर्देशिका, २०७८
- हेलो सरकार गुनासो व्यवस्थापन निर्देशिका, २०७८
- सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९
- तत्काल समस्या समाधान निर्देशिका, २०७९

## ८. वित्तीय प्रगति विवरण

**तालिका १**
**आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रैमासिक अवधिको वित्तीय प्रगति विवरण**

| बर्गिकरण | ब.उ.शि.नं. | बार्षिक बजेट | तेस्रो त्रैमासिक खर्च | | कैफियत |
|---|---|---|---|---|---|
| | | | खर्च | वित्तीय प्रगति (प्रतिशत) | |
| चालु | ३०१०००१२३ | ३८१,२६१,७७३।०० | ४५,९५९,५०९।६७ | १२.०५ | |
| | ३०१०००११३ | ८२,३००,०००।०० | ४,७५५,९८४।०० | ५.७८ | |
| **जम्मा** | | **४६३,५६१,७७३।००** | **५०,७१५,४९३।६७** | **१०.९४** | |
| पुँजीगत | ३०१०००१२४ | १७,४८२,०००।०० | ३,४४७,६४१।०० | १९.७२ | |
| **जम्मा** | | **१७,४८२,०००।००** | **३,४४७,६४१।००** | **१९.७२** | |

## ९. कार्यालयको वेबसाइट

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट निम्नानुसार रहेको छः

https://www.opmcm.gov.np

वेबसाइटमा सम्माननीय प्रधानमन्त्रीज्यू, मन्त्रिपरिषद्, नेपाल सरकारका मुख्यसचिवज्यूलगायत यस कार्यालयसँग सम्बन्धित महत्त्वपूर्ण सूचना तथा जानकारी एवम् ऐन, नियम, नीति निर्देशिकाहरू राखिएका छन्।

## १०. यस अवधिमा माग भएको सूचना र उपलब्ध गराइएको सूचना सङ्ख्या

यस आ.व.को तस्रो त्रैमासिक अवधिमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना अधिकारी र कार्यालय प्रमुखलाई सम्बोधन गरी माग गरिएका ४४ वटा सूचना उपलब्ध गराइएको छ।